# मूल्याङ्कन मार्गचित्र

3 - 21 वर्ष उमेरका बालबालिका भएका परिवारहरूका लागि

*i - थप जानकारीका लागि सबैतिर यी आइकनहरूमा क्लिक गर्नुहोस् ।*

**1 तपाईंका आफ्नो बच्चाको अध्ययनका बारेमा चिन्ताहरू छन्** i

शैक्षिक संस्थाका लागि आफ्नो बच्चाको शिक्षक वा विशेष शिक्षा निर्देशकसँग कुरा गर्नुहोस् ।

**2 हस्तक्षेप र मूल्याङ्कन अनुरोध** i

शैक्षिक संस्थाहरूले संघर्ष गररिहेका सबै विद्यार्थीलाई मद्दत गर्न शिक्षणमा समायोजन गर्न आवश्यक पर्छ । मूल्याङ्कन अनुरोधहरू हस्तक्षेपहरू जस्तै समान हुँदैनन् ।

अभिभावकका अधिकारहरू

**3 मूल्याङ्कनका लागि अनुरोध** i

तपाईं जुनसुकै बेला पनि विशेष शिक्षा मूल्याङ्कन अनुरोध गर्न सक्नुहुन्छ ।

30 दिन

शैक्षिक संस्थाले अपाङ्गता भएको शङ्का गरेको छैन

सामान्य शिक्षालाई निरन्तरता दिनुहोस् ...

वा यो लिङ्क प्रयोग गरेर "ओहायो शिक्षा तथा जनशक्ति विभाग" मार्फत विवाद समाधानको विकल्प अपनाउनुहोस् ।

**4 अपाङ्गता भएको शङ्का गरिएको छ**

**मूल्याङ्कनका लागि सहमति** i

PR-05 | प्रि-के | स्कुल जाने उमेर

PR-01

60 दिन

**5 मूल्याङ्कन प्रक्रिया** i

आमाबुबासहितको योग्य व्यक्तिहरूको एक टोली चिन्ताका विषयका सबै क्षेत्रहरूको मूल्याङ्कन गर्नका लागि योजना बनाउन बैठक बस्नेछन् ।

**6 प्रारम्भिक मूल्याङ्कन टोलीको रिपोर्ट पूरा भयो** i

आमाबुबासहितको टोली नतिजाहरूको समीक्षा गर्न बैठक बस्छन् ।

PR-02 | ETR

**7 योग्यता निर्धारण** i

30 दिन

योग्यता टोलीले बच्चा अयोग्य छन् भनेर निर्धारण गर्छ

सामान्य शिक्षालाई नै निरन्तरता दिनुहोस्

**8 प्रारम्भिक IEP तयार गरियो** i

यदि आमाबुबासहितको टोलीले बच्चा योग्य छन् भनेर निर्धारण गरेमा IEP तयार गरिन्छ ।

IEP

**9 प्रारम्भिक IEP कार्यान्वयन गरियो** i

शैक्षिक संस्थाले विद्यार्थीको IEP मा समावेश गरिएका सेवाहरू उपलब्ध गराउन आवश्यक पर्छ ।

Ohio Department of Education & Workforce

9/2025 मा प्रकाशन गरिएको

# मूल्याङ्कन मार्गचित्र

## 1. तपाईको आफ्नो बच्चाको अध्ययनका बारेमा चिन्ताहरू छन्

यदि तपाईको आफ्नो बच्चाको सिकाइ, विकास वा कार्यक्षमताका बारेमा चिन्ताहरू छन् भने तपाईले शैक्षिक संस्थाका लागि विशेष शिक्षा निर्देशकसँग कुरा गर्न सक्नुहुन्छ* । उक्त व्यक्ति सामान्यतया डिस्ट्रिक्ट स्तरमा काम गर्नुहुन्छ, तपाईको विद्यार्थीको विद्यालयमा होइन । यदि तपाई उक्त व्यक्ति को हुनुहुन्छ भनेर निश्चित हुनुहुन्न भने तपाईले बोर्ड कार्यालयमा सम्पर्क गरेर नाम र सम्पर्क जानकारी माग्न सक्नुहुन्छ । तपाईले आफ्नो बच्चाको स्कुलको प्रिन्सिपल वा शिक्षकलाई पनि सम्पर्क गर्न सक्नुहुन्छ ।

प्रिस्कुल (3-5 वर्ष उमेरका) का लागि तपाईको बच्चाको कार्यात्मक, विकासात्मक र/वा शैक्षिक तयारीका क्षेत्रहरूमा कुनै पनि ढिलाइ छ कि छैन भनेर हेर्नका लागि पहिलो चरण भनेको तपाई आमाबुबा बसोबास गर्ने स्कुल डिस्ट्रिक्टलाई सम्पर्क गर्नु हो । अधिकांश स्कुल डिस्ट्रिक्टको सम्पर्क जानकारी डिस्ट्रिक्टको वेबसाइटमा पाउन सकिन्छ ।

*"शैक्षिक संस्था" को अर्थ:

- सेवा क्षेत्रका स्कुल डिस्ट्रिक्ट, खुला भर्ना स्कुल डिस्ट्रिक्ट, सामुदायिक स्कुल, ओहायो युवा सेवा विभाग (Ohio Department of Youth Services) र संयुक्त व्यावसायिक स्कुल डिस्ट्रिक्टहरूलगायत स्कुल डिस्ट्रिक्टहरू;
- बाल न्याय सुधार केन्द्र, शैक्षिक सेवा केन्द्र, विकाससम्बन्धी अपाङ्गता काउन्टी बोर्डहरू; र
- संशोधित संहिताको परिच्छेद 3323 वा राज्य शिक्षा बोर्डद्वारा अपनाइएको नियमले अर्को स्कुल डिस्ट्रिक्ट, अन्य शैक्षिक संस्था वा अन्य संस्था, विभाग वा निकाय IDEA को भाग B को अनुपालन सुनिश्चित गर्न जिम्मेवार भएको उल्लेख नगर्दासम्म अपाङ्गता भएका बालबालिकालाई विशेष शिक्षा वा सम्बन्धित सेवाहरू उपलब्ध गराउने वा उपलब्ध गराउन खोज्ने स्कुल डिस्ट्रिक्ट वा विकाससम्बन्धी अपाङ्गता विभागद्वारा व्यवस्थित संस्था बाहेक कुनै पनि विभाग; महाशाखा; ब्यूरो; कार्यालय; संस्था; बोर्ड; आयोग; समिति; प्राधिकरण; वा अन्य राज्य वा स्थानीय निकाय ।

## 2. हस्तक्षेप बनाम मूल्याङ्कन अनुरोध

- **हस्तक्षेप:** शैक्षिक संस्थाहरूले सबै विद्यार्थीलाई सिक्नमा मद्दत गर्ने तरिकामा शिक्षण उपलब्ध गराउन आवश्यक पर्छ । संघर्ष गरिरहेका विद्यार्थीलाई मद्दत गर्न शिक्षणमा समायोजन गर्ने रणनीतिहरूलाई हस्तक्षेप भनिन्छ र यी सबै विद्यार्थीका लागि हुन् (विशेष शिक्षाका लागि मात्र होइन) ।
- **मूल्याङ्कन अनुरोध:** विशेष शिक्षाका लागि प्रारम्भिक मूल्याङ्कन अनुरोध गर्नु हस्तक्षेप जस्तै समान होइन । हस्तक्षेपहरू भनेका प्रारम्भिक मूल्याङ्कनअघि वा प्रारम्भिक मूल्याङ्कनकै समयमा गरिनुपर्छ । शैक्षिक संस्थाले मूल्याङ्कनमा ढिलाइ गर्न हस्तक्षेपहरू प्रयोग गर्न नपाउन सक्छ । यदि हस्तक्षेपहरू सुरु गरिएका छैनन् भने तिनीहरू मूल्याङ्कनको समयमा नै हुनुपर्छ ।

मार्गचित्रमा फर्कनुहोस्

# मूल्याङ्कन मार्गचित्र

## 3. मूल्याङ्कनका लागि अनुरोध

- यदि तपाईलाई आफ्नो बच्चामा अपाङ्गता भएको शङ्का लाग्छ भने तपाई विशेष शिक्षा मूल्याङ्कन अनुरोध गर्न सक्नुहुन्छ । यो लिखित रूपमा हुनु आवश्यक छैन; यद्यपि, तपाईंको आफ्नै रेकर्डका लागि अनुरोधको मितिको लिखित प्रमाण राख्नु राम्रो हुन्छ ।
- प्रिस्कूलका लागि तपाईंले आमाबुबाको रूपमा आफ्नो शैक्षिक संस्थाको विशेष शिक्षाका कर्मचारीलाई सम्पर्क गर्दा तपाईंले आफ्नो बच्चा प्रिस्कूल विशेष शिक्षा सेवाहरू प्राप्त गर्न योग्य छन् कि छैनन् र कुन-कुन कार्यक्रमहरूले उनका व्यक्तिगत आवश्यकताहरू पूरा गर्न सक्छन् भनेर निर्धारण गर्न प्रारम्भिक मूल्याङ्कनका लागि अनुरोध सुरु गर्न सक्नुहुन्छ ।
- शैक्षिक संस्थाले तपाईंको अनुरोध प्राप्त गरेको मितिदेखि 30 क्यालेन्डर दिनभित्र तपाईंको अनुरोधको जवाफ दिनुपर्छ । शैक्षिक संस्थाले अनिवार्य रूपमा तपाईंलाई शैक्षिक संस्थाले अपाङ्गता भएको शङ्का नगरेको भनेर पूर्व लिखित सूचना (PR-01भनिने) पठाउनुपर्छ वा मूल्याङ्कन गर्नका लागि तपाईंको सहमति प्राप्त गर्नुपर्छ । शैक्षिक संस्थाले तपाईंलाई विशेष शिक्षामा अभिभावकका अधिकारहरूसम्बन्धी गाइड नामक विशेष शिक्षा प्रक्रियाका सुरक्षा उपायहरूको प्रति उपलब्ध गराउनेछ ।
- शैक्षिक संस्थाले हस्तक्षेपहरू उपलब्ध गराउने उद्देश्यले मूल्याङ्कनमा ढिलाइ गर्न पाउने छैन । यदि शैक्षिक संस्थाले प्रारम्भिक मूल्याङ्कन गर्नुअघि हस्तक्षेपहरू उपलब्ध गराएको छैन भने शैक्षिक संस्थाले अनिवार्य रूपमा प्रारम्भिक मूल्याङ्कनकै समयमा ती हस्तक्षेपहरू गर्नुपर्छ ।
- यदि शैक्षिक संस्थाले अपाङ्गता भएको शङ्का गर्दैन भने तपाईंको बच्चाले सामान्य शिक्षालाई निरन्तरता दिनेछन् । यदि तपाई शैक्षिक संस्थाको निर्णयसँग असहमत हुनुहुन्छ भने तपाईंले ओहायो शिक्षा तथा जनशक्ति विभाग (Ohio Department of Education and Workforce) मार्फत विवाद समाधान गर्ने विकल्प अगाडि बढाउनुपर्छ ।

## 4. मूल्याङ्कनका लागि सहमति

- यदि शैक्षिक संस्थाले अपाङ्गता भएको शङ्का गर्छ भने त्यसले तपाईंको सहमति प्राप्त गर्नेछ (सहमति फारामलाई PR-05: मूल्याङ्कनका लागि अभिभावकको सहमति भनिन्छ) । तपाईंको सहमति दिएको मितिदेखि शैक्षिक संस्थासँग प्रारम्भिक मूल्याङ्कन पूरा गर्न 60 क्यालेन्डर दिनको समय हुनेछ ।
- आमाबुबाको रूपमा तपाई पनि समावेश भएको योग्य व्यक्तिहरूको टोलीले शङ्का गरिएको अपाङ्गताका वर्गीकरणहरू र मूल्याङ्कन गर्न आवश्यक क्षेत्रहरूका बारेमा छलफल गर्नेछन् । यी सबै विवरण मूल्याङ्कन टोली रिपोर्ट (Evaluation Team Report, ETR) योजना फाराममा अनिवार्य रूपमा अभिलेख गरिएको हुनुपर्छ र यसको प्रिस्कूल र स्कूल उमेरका लागि फरक संस्करणहरू हुन्छन् ।
- कुनै पनि मूल्याङ्कन सञ्चालन गर्नुअघि यो बैठक अनिवार्य रूपमा हुनुपर्छ । आमाबुबाको रूपमा तपाई यस टोलीको सक्रिय सदस्य भएकाले प्रबन्ध गरिने मूल्याङ्कनहरूको निर्णय गर्न सहयोग गर्नुपर्ने हुन्छ ।
- शैक्षिक संस्थाले प्रयोग गर्न लागेको विशिष्ट मूल्याङ्कनको नाम उल्लेख गर्नुपर्दैन, मूल्याङ्कन गर्न योजना गरिएको क्षेत्र मात्र उल्लेख गरे हुन्छ । प्रिस्कूलका लागि विकासका प्रत्येक क्षेत्रको अनिवार्य रूपमा मूल्याङ्कन गरिनुपर्छ ।
- प्रिस्कूलको सन्दर्भमा, यदि 3-5 वर्ष उमेरको तपाईंको सानो बच्चाले कहिल्यै प्रिस्कूल कार्यक्रममा सहभागी भएका छैनन् वा तपाईंको बच्चा IDEA भाग C (प्रारम्भिक हस्तक्षेप) बाट भाग B (विशेष शिक्षा) मा स्थानान्तरण भएका छैनन् भने शैक्षिक संस्थाले हस्तक्षेपहरू उपलब्ध गराउने कुनै अवसर नै नपाएको हुन सक्ने सम्भावना रहन्छ । हस्तक्षेपहरू प्रिस्कूल बालबालिकाका लागि बच्चाले पहिले IDEA को भाग C र/वा भाग B अन्तर्गत सेवाहरू प्राप्त गरेका छन् वा बच्चालाई निश्चित सिकाइसम्बन्धी अपाङ्गता भएको शङ्का गरिएको वर्गीकरणअन्तर्गत मूल्याङ्कन गरिएको अवस्थामा मात्र आवश्यक हुन्छन् । यदि सिफारिस गर्नुअघि हस्तक्षेपहरू उपलब्ध नगराइएको भएमा शैक्षिक संस्थाले पूर्ण तथा व्यक्तिगत मूल्याङ्कन गर्ने उही साठी-दिने अवधिभित्र उपयुक्त हस्तक्षेपहरू लागू गर्न सक्छ र यसले निम्नमध्ये एक वा बढी विकासात्मक क्षेत्रमा गम्भीर ढिलाइ अनुभव गररिहेका कुनै पनि प्रिस्कूल बालबालिकाका चिन्ताहरू समाधान गर्नमा मद्दत गर्छ र यसका कारण विशेष शिक्षा तथा सम्बन्धित सेवाहरू आवश्यक पर्छन्: अनुकूलनीय व्यवहार, संज्ञानात्मक क्षमता, सञ्चार, श्रवण, दृष्टि, संवेदनात्मक/मांसपेशीको कार्यक्षमता, सामाजिक/भावनात्मक कार्यक्षमता र/वा व्यवहारजन्य कार्यक्षमता । शैक्षिक संस्थाले विशेष शिक्षा सेवाहरूका लागि तपाईंको बच्चा योग्य छन् कि छैनन् भन्ने निर्धारण गर्न हुने मूल्याङ्कनलाई अनावश्यक रूपमा ढिलाइ गर्न यी हस्तक्षेपहरू प्रयोग गर्न पाउने छैन ।

# मूल्याङ्कन मार्गचित्र

## 5. मूल्याङ्कन प्रक्रिया

- प्रारम्भिक मूल्याङ्कन गर्दा शैक्षिक संस्थाले आमाबुबाद्वारा उपलब्ध गराइने जानकारीसहित सम्बन्धित कार्यात्मक, विकासात्मक र शैक्षिक जानकारी सङ्कलन गर्नका लागि अनिवार्य रूपमा विभिन्न प्रकारका मूल्याङ्कनका विधि र रणनीतिहरू प्रयोग गर्नुपर्छ। शैक्षिक संस्थाले जानकारीको कुनै पनि एकल स्रोत प्रयोग गर्न पाउने छैन र शारीरिक वा विकासात्मक पक्षहरूसँगै बौद्धिक तथा व्यवहारजन्य पक्षहरूको मूल्याङ्कन गर्नका लागि अनिवार्य रूपमा प्राविधिक रूपमा विश्वसनीय उपकरणहरू प्रयोग गर्नुपर्छ।
- लेखाजोखा तथा मूल्याङ्कनका अन्य सामग्रीहरू अनिवार्य रूपमा जातीय वा सांस्कृतिक आधारमा भेदभाव नहुने गरी छनोट र सञ्चालन गरिनुपर्छ, तपाईंको बच्चाको मातृभाषा वा सञ्चारका माध्यममा प्रशासित गरिनुपर्छ र सबैभन्दा सही नतिजा दिन सक्ने स्वरूपमा प्रयोग गरिनुपर्छ।
- शङ्का गरिएका अपाङ्गतासँग सम्बन्धित सबै क्षेत्रहरूमा तपाईंको बच्चाको अनिवार्य रूपमा मूल्याङ्कन गरिनुपर्छ र आवश्यक भएमा स्वास्थ्य, दृष्टि, श्रवण, सामाजिक तथा भावनात्मक अवस्था, सामान्य बौद्धिक क्षमता, शैक्षिक प्रदर्शन, सञ्चार अवस्था र मांसपेशी क्षमताहरूसमेत समावेश गरिनुपर्छ।
- प्रसिकुलको सन्दर्भमा, हरेक विकासात्मक क्षेत्र 5 वटा मूल्याङ्कन विधि/डाटाका स्रोतहरूमध्ये कम्तीमा पनि एउटा प्रयोग गरेर मूल्याङ्कन गरिनैपर्छ र हरेक मूल्याङ्कनको विधि/डाटाको स्रोत कम्तीमा पनि एक पटक प्रयोग गरिएकै हुनुपर्छ। तपाईंको बच्चालाई वर्गीकृत गरिएको अपाङ्गता वर्गीकरणसँग सामान्यतया सम्बन्धित भए तापनि वा नभए तापनि प्रारम्भिक मूल्याङ्कन तपाईंको बच्चाको सबै विशेष शिक्षा र सम्बन्धित सेवाका आवश्यकताहरू पहिचान गर्न पर्याप्त रूपमा विस्तृत हुनैपर्छ भन्ने कुरामा ध्यानमा राख्नुहोस्।

## 6. प्रारम्भिक मूल्याङ्कन टोलीको रिपोर्ट पूरा भयो

- आमाबुबाको रूपमा तपाईंले मूल्याङ्कनका डाटा र सम्पन्न भएका प्रत्येक मूल्याङ्कनका सारांशहरू समीक्षा गर्नका लागि अभिभावक आमन्त्रण ( PR-02भनिने) प्राप्त गर्नुहुनेछ। PR-02 मा डिस्ट्रिक्ट बैठकमा कस-कसलाई ल्याउनेछ भन्ने कुरा स्पष्ट रूपमा उल्लेख हुनैपर्छ। आमाबुको रूपमा तपाईंले बैठकमा आफूले चाहेका जोकोहीलाई पनि ल्याउन सक्नुहुन्छ।
- व्यावसायिकहरूको टोली र आमाबुबा मिलेर मूल्याङ्कनका नतिजाहरूको समीक्षा गर्नेछन् र तपाईंको बच्चा अपाङ्गता भएको बच्चा हो कि होइनन् भन्ने कुरा निर्धारण गर्नेछन्। मूल्याङ्कनका डाटा र सारांशहरूसँगै योग्यता निर्धारण मूल्याङ्कन टोली रिपोर्ट फाराम (PR-06भनिने) मा राखिनेछन्।

मार्गचित्रमा फर्कनुहोस्

Department of Education & Workforce

# मूल्याङ्कन मार्गचित्र

## 7. योग्यता निर्धारण

- यदि आमाबुबाको रूपमा तपाईंसमेत समावेश रहेको टोलीले तपाईंको बच्चा विशेष शिक्षा सेवाहरूका लागि योग्य भएको ठहर गर्छ भने टोलीले योग्यताको वर्गीकरण निर्धारण गर्नेछन् । यदि टोलीले तपाईंको बच्चालाई योग्य ठहर नगरेमा तपाईंको बच्चाले सामान्य शिक्षा पाठ्यक्रमलाई नै निरन्तरता दिनेछन् । आमाबुबासहित टोलीका कुनै पनि सदस्यले टोलीको निर्णयसँग असहमति जनाउने लिखित कथन पेस गर्न सक्छन् । यदि तपाईंको बच्चा योग्य ठहर नभएमा तपाईंले स्वतन्त्र शैक्षिक मूल्याङ्कन (Independent Educational Evaluation, IEE) अनुरोध गर्न सक्नुहुन्छ । IEE भनेको आमाबुबाका लागि शैक्षिक संस्थामा कार्यरत नभएका बाह्य पेशेवरबाट निजी शैक्षिक मूल्याङ्कन गराउने अवसर हो ।
- प्रिस्कुलको सन्दर्भमा, यदि तपाईंको बच्चा योग्य ठहर भएनन् र हाल कुनै प्रिस्कुल कार्यक्रममा भर्ना छैनन् भने शैक्षिक संस्थाले उपलब्ध हुन सक्ने स्थानीय र/वा स्कुल डिस्ट्रिक्टद्वारा सञ्चालित वैकल्पिक प्रिस्कुल कार्यक्रमहरूको सूची उपलब्ध गराउन सक्छ ।

## 8. प्रारम्भिक IEP तयार गरियो

- यदि आमाबुबाको रूपमा तपाईंसहित टोलीले तपाईंको बच्चा विशेष शिक्षाका लागि योग्य छन् भनेर निर्धारण गर्छन् भने डिस्ट्रिक्टसँग प्रारम्भिक व्यक्तिकृत शिक्षा कार्यक्रम (PR-07 भनिने IEP फाराम) तयार गर्न 30 दिनको समय हुन्छ ।
- IEP मा प्रगति कसरी मापन गरिनेछ भन्ने व्यवस्थासहित मापनयोग्य लक्ष्य तथा उद्देश्यहरू भएका तपाईंको बच्चाको मूल्याङ्कन टोली रिपोर्ट (PR-06 भनिने ETR फाराम) मा पहिचान गरिएका व्यक्तिकृत आवश्यकताहरू पूरा गर्न विशेष रूपमा तयार गरिएको शिक्षण अनिवार्य रूपमा हुनुपर्छ ।
- IEP टोलीमा आमाबुबाको रूपमा तपाईं, बच्चाको नियमित शिक्षा शिक्षक (बच्चाको शिक्षक भएमा), कम्तीमा पनि एकजना विशेष शिक्षा शिक्षक, डिस्ट्रिक्टको प्रतिनिधि, मूल्याङ्कनका नतिजाहरूको व्याख्या गर्न सक्ने व्यक्ति र तपाईंको बच्चाका बारेमा ज्ञान वा सरोकार भएको भनेर तपाईं वा शैक्षिक संस्थालाई लाग्ने कुनै पनि व्यक्ति समावेश हुन्छन् ।
- प्रिस्कुलका लागि आवश्यक IEP टोली सदस्यहरूमा निम्न समावेश हुनुहुन्छ: आमाबुबा, नियमित शिक्षा शिक्षक, विशेष शिक्षा शिक्षक/प्रदायक र डिस्ट्रिक्टको प्रतिनिधि ।
- प्रारम्भिक IEP का लागि आमाबुबाको रूपमा तपाईंले सेवाहरूका अनिवार्य रूपमा सहमति दिएको हुनुपर्छ । यदि तपाईंले सहमति दिनुभएन भने तपाईंको बच्चाले IEP सेवाहरू प्राप्त गर्ने छैनन् ।
- तपाईंको सहमति प्रारम्भिक IEP (वा शैक्षिक प्लेसमेन्टमा कुनै पनि परिवर्तन) का लागि आवश्यक पर्ने भए तापनि शैक्षिक संस्थाहरूले तपाईंलाई सबै IEP बैठकहरू उपस्थित हुन र सहभागी हुन निमन्त्रणा गर्न आवश्यक पर्छ । तपाईंसँग कुनै पनि समय आफ्नो बच्चाको IEP का लागि आफ्नो सहमति खारेज गर्ने अधिकार हुन्छ ।

मार्गचित्रमा फर्कनुहोस्

Department of Education & Workforce

# मूल्याङ्कन मार्गचित्र

## 9. प्रारम्भिक IEP कार्यान्वयन गरियो

- शैक्षिक संस्थाले तपाईंको बच्चाको IEP मा समावेश गरिएका सेवाहरू उपलब्ध गराउन आवश्यक पर्छ ।
- प्रत्येक शैक्षिक संस्थाले अपाङ्गता भएका प्रत्येक बच्चालाई न्यूनतम प्रतिबन्धात्मक वातावरण (Least Restrictive Environment, LRE) मा निःशुल्क उपयुक्त सार्वजनिक शिक्षा (Free Appropriate Public Education, FAPE) उपलब्ध गराइन्छ भनेर अनिवार्य रूपमा सुनिश्चित गर्नुपर्छ । प्रिस्कुलको सन्दर्भमा, शैक्षिक संस्थाले आफ्नै सार्वजनिक साधारण प्रारम्भिक बाल्यकाल कार्यक्रमहरू सञ्जालन गरेको वा अन्य शैक्षिक संस्थाहरूसँग करार गरेको जेजस्तो भए तापनि निःशुल्क उपयुक्त सार्वजनिक शिक्षा उपलब्ध गराएको हुनैपर्छ ।
- तपाईंको बच्चाको शैक्षिक संस्थाले आमाबुबाको रूपमा तपाईं र शैक्षिक संस्था दुवैले पुनर्मूल्याङ्कन आवश्यक छैन भनेर सहमति निजनाउँदासम्म कम्तीमा पनि प्रत्येक तीन-तीन वर्षमा पुनर्मूल्याङ्कन गर्नुपर्नेछ । शैक्षिक संस्थाले कम्तीमा पनि वार्षिक रूपमा IEP को समीक्षा गर्नेछ ।

मार्गचित्रमा फर्कनुहोस्